# राष्ट्यि योजना आयाृगको सचिवालय

## प्रेस वक्तव्य

## संयुक्त राष्ट्रसंघीय ग्लोवल साउथ–साउथ कोअपरेशनका लागि सन् २०१३ को लिडरसिप एवार्ड नेपाललाई

साउथ–साउथ कोअपरेशन र विकासका लागि संयुक्त राष्ट्रसंघीय उच्चस्तरीय कार्यक्रमको रूपमा आयोजना हुने ग्लोवल साउथ–साउथ डृभलपमेन्ट एक्सपोमा साउथ–साउथ कोअपरेशनका लागि दिइने  लिडरसिप एवार्ड सन् २०१३ कालागि नेपाललाई प्रदान गरिएको छ । राष्ट्रिय योजना आयोग र संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत गरिवी र वातावरणलाइ विकास कार्यक्रममा समाहित गर्दै लैजाने उद्देश्यले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम ( यु.एन.डी.पी.) र युनेपबाट संचालित पोभर्टी इनभायरनमेण्ट इनिसियटीभ (पी.इ.आइ.) कार्यक्रमले सम्पन्न गरेको सार्वजनिक क्षेत्रको जलवायु परिवर्तन सम्बन्धि कार्यक्रममा हुने लगानी र संलग्न संस्थागत प्रारूपको स्थिति पुनरावलोकन गर्न गरिएको अध्ययन (सीपीआइआर) र सो अध्ययनका आधारमा विकास गरिएको जलवायु परिवर्तन बजेट कोडको प्रयोगका लागि उक्त एवार्ड प्रदान गरिएको हो । नेपाल सरकारले जलवायु परिवर्तन सम्बन्धि कार्यमा भएको बजेट विनीयोजन, खर्च र जलवायु परिवर्तन कार्यमा संलग्न विभाग, मन्त्रालय, र सम्बन्धित निकायवीच समन्वयमा सघाउ पुऱ्याउन यस आर्थिक बर्षदेखि जलवायु परिवर्तन बजेट कोडलाई संस्थागत गरेको छ । नेपालले विकास गरेको जलवायु परिवर्तन बजेट कोड साउथ–साउथ कोअपरेशन र विकासका लागि अत्यधिक महत्वपूर्ण भएको र उक्त प्रयास मौलिक (innovative) हुनुका साथै नेपालले यस विषयमा नेतृत्वदायी भूमिका निर्वाह गरेकोले यस बर्षको "लिडरसिप एवार्ड" नेपाललाई दिइएको हो ।

उक्त एवार्ड हाँलै केन्याको राजधानी नैरोविमा सम्पन्न जिएसएसडी एक्सपो २०१३ को समापनका अवसरमा संयुक्त राष्ट्रसंघका ६८ औ महाअधिवेसनका अध्यक्ष जो डव्ल्यु आसे, उपमहमासचिव एवं युनेपका महानिर्देशक अखिम स्टाइनर, एवं  साउथ–साउथ कोअपरेशनका निर्देशक यिपिङ भ्काउले संयुक्त रूपमा राष्ट्रिय योजना आयोगका सहसचिव गोपीनाथ मैनालीलाई हस्तान्तरण गर्नु भएको थियो ।

सागर आचार्य
सहाय प्रवक्ता
रा यो आ का सचिवालय